**पुस्तक** : संविधान र मिडिया
**लेखक** : काशीराज दाहाल, कुन्दन अर्याल, अग्नि खरेल, टङ्कप्रसाद दुलाल र डा. मञ्जुला गिरी
**प्रकाशक** : नेपाल प्रेस इन्स्टिच्यूट
**पृष्ठ** : १६२
**प्रकाशन मिति** : वि.सं. २०६६ (सन् २००९)




नयाँ संविधान बन्ने प्रक्रिया र राज्य पुनःसंरचनाको बहससँगै, मिडियाको लोकतन्त्रीकरणजस्ता विषयहरू पनि चर्चामा छन्। देशमा संविधान कसरी बन्छ र हाल बन्दै गरेको संविधानमा के कस्ता प्रावधानहरू समावेश हुँदैछन् भन्नेबारे प्रत्येक नागरिकलाई चासो छ। नागरिकलाई सुसूचित गर्ने र जनमत निर्माण गर्ने दिशामा मिडियाको उल्लेखनीय भूमिका रहन्छ। यही मान्यतालाई आत्मसात गरी नेपाल प्रेस इन्स्टिच्यूटले *संविधान र मिडिया* नामक पुस्तक प्रकाशन गरेको छ।

पुस्तक चार अध्यायमा विभाजन गरिएको छ। पहिलो, दोस्रो, तेस्रो र चौथो अध्यायमा क्रमशः काशीराज दाहालद्वारा लिखित 'संविधान निर्माण र प्रेस', कुन्दन अर्यालद्वारा लिखित 'समावेशीकरण र आमसञ्चार', अग्नि खरेल र टङ्कप्रसाद दुलालद्वारा लिखित 'नागरिकको जान्न पाउने हक' र डा. मञ्जुला गिरीद्वारा लिखित 'संविधानमा महिलाको हक' शीर्षकका लेखहरू समाविष्ट छन्।

पहिलो अध्यायमा संवैधानिक कानूनका ज्ञाता काशीराज दाहालले 'संविधान निर्माण र विषयवस्तु', 'संविधान विधेयक पारित गर्ने कार्यविधि', 'लोकतन्त्र र प्रेस', 'संविधान निर्माणका यक्ष प्रश्नहरू र प्रेसको भूमिका', 'संविधान र राष्ट्रिय एकता', 'आत्मनिर्णयको अधिकार र अन्तर्राष्ट्रिय कानून' एवं 'उपसंहार' उपशीर्षकहरूमा संविधान निर्माणका विविध आयाम र पाटाहरूबारे बहस अघि बढाएका छन्। यी

उपशीर्षकहरूमा आदर्श संविधानमा हुनुपर्ने अवधारणागत प्रारूप, संविधान निर्माणका लागि संविधानसभामा अपनाइने प्राविधिक कार्यप्रणाली एवं प्रक्रिया, संविधान निर्माणका मूलभूत मान्यता, संविधान निर्माणमा मिडियाले खेल्ने भूमिका, आत्मनिर्णयको अधिकार, सङ्घीय राज्यप्रणालीका मोडल, आदि पक्षहरूबारे पर्याप्त दृष्टान्तसहित गहन चर्चा गरेका छन्। दाहालले संविधानलाई राज्य सञ्चालनको विधि र राष्ट्रलाई अनुशासित तुल्याउने माध्यमको रूपमा चित्रण गर्दै यसलाई राज्यशक्तिको मार्गचित्र र शान्तिको आधारशिला पनि भनेका छन्।

उनले नेपालमा निकै चर्चामा रहेको अन्तर्राष्ट्रिय श्रम सङ्गठनले सन् १९८९ मा पारित गरेको आदिवासी जनजातिसँग सम्बन्धित १६९ नं. महासन्धिबारे पनि छोएका छन्। उनी लेख्छन् :

> ...स्वतन्त्र राष्ट्रका आदिवासी जनता जसको राष्ट्रिय समुदायभन्दा भिन्नै स्थिति छ, जसको आफ्नै परम्परा, संस्कृति, रीतिरिवाज र प्रचलन छ, जो औसत नागरिक सरह हक अधिकार उपयोग गर्न सकेका छैनन्, त्यस्ता आदिवासी समुदायका लागि आफ्नै सामाजिक, आर्थिक, सांस्कृतिक क्रियाकलाप सञ्चालन गर्ने स्वशासनको अधिकार हुने सिद्धान्तलाई स्वीकार गरेको देखिन्छ। यस्ता किसिमको आदिवासी समुदायलाई राष्ट्रिय मूल प्रवाहमा ल्याउन राज्यले उनीहरूको पहिचान र अस्तित्वलाई संरक्षण गर्दै अन्य नागरिकसरह समान अधिकार उपभोग गर्न सक्ने अवस्था सिर्जना गर्न विशेष संरक्षणको व्यवस्था गर्नुपर्ने अवधारणालाई यस महासन्धिले स्वीकार गरेको छ ... (पृ. ३३)।

नेपाल सरकारले पारित गरिसकेको आदिवासी जनजातिसँग सम्बन्धित १६९ नं. महासन्धिलाई कतिपयले विवादास्पद विषयको रूपमा चित्रण गरिरहेका छन्। यस महासन्धिले आदिवासी जनजातिलाई अनावश्यक रूपमा बढी अधिकार दिएकोले यसले नेपालको जातीय सद्भावलाई बिथोल्छ भन्ने तर्क गरिँदैछ। यस्तो अवस्थामा दाहालले यसको महत्त्वलाई दर्शाइदिएर आदिवासी जनजातिको अधिकारबारे भइरहेका बहसलाई पनि सघाएका छन्।

राज्य पुन:संरचनाबारे छलफलमा जातीय आधारमा सङ्घीय प्रदेशहरू विभाजन गर्न हुने कि नहुने भन्ने बहसले बुद्धिजीवी वृत्तलाई निकै तताएको छ। संविधानसभामा राज्यको पुन:संरचना र राज्यशक्तिको बाँडफाँटसम्बन्धी समितिले केही प्रदेशहरूलाई जातीय आधारमा छुट्टयाएको पनि छ। एक थरीको राय जातीय आधारमा प्रदेश विभाजन हुँदा लामो समयदेखि अपहेलित भएको भनिएका आदिवासी जनजाति समुदायको आत्मसम्मान बढ्छ भन्ने छ। अर्को थरी समूह जातीय आधारमा प्रदेश विभाजन हुँदा कालान्तरमा देशमा जातीय गृहयुद्ध

चर्किने भयले ग्रस्त देखिन्छन् । नेपालको सन्दर्भमा यी दुई विपरीत धारका विचारहरू कति सान्दर्भिक वा असान्दर्भिक छन् ? यस विषयमा भने लेखकको गहन विश्लेषण छैन । नेपालको धरातलीय यथार्थलाई केन्द्रबिन्दुमा राखेर यसमा लेखकको विश्लेषण आएको भए सुनमा सुगन्ध हुने थियो ।

दोस्रो अध्यायमा पत्रकार कुन्दन अर्यालले संविधान निर्माणमा गम्भीर किसिमको राजनीतिक रिपोर्टिङ हुन नसकेको बताउँदै यसको आवश्यकता औँल्याएका छन् । अर्को एक प्रसङ्गमा उनी मूलधार मिडियाको संरचनागत खोट औँल्याउँदै यस्तो विचार अघि सार्छन् :

> अहिलेको विश्वमा सूचना तथा सञ्चारको मूलधारको संरचना नै यस्तो छ, जहाँ केही सीमित मानिसको आवाजमात्रै गुञ्जन्छ । नेपाल पनि यस्तो समस्याबाट अछुतो छैन । त्यसैले नीति निर्माणमा भएको राजनीतिक नेतृत्व र आम जनताबीच दोहोरो सञ्चार कायम गर्न विशेष पहल गरिनु पर्दछ । त्यसप्रकारको दोहोरो संवादको आधारमा बन्ने नयाँ संविधानमात्र आमसहमतिको दस्तावेज बन्न सक्नेछ । आमसहमतिको संविधान निर्माणका निम्ति स्थानीय जनताको आवाज संविधान निर्माता समक्ष पुऱ्याउन आमसञ्चारमाध्यमले सहयोग पुऱ्याउन सक्छन् (पृ. ५१) ।

समावेशीकरणका सवालमा मिडियाले खेल्ने भूमिकाबारे लेखकले लामै व्याख्या र विश्लेषण गरेका छन् । तर नेपाली पत्रकारितामा यो वा त्यो रूपमा देखापरेका चेकबुक जर्नलिज्म, इम्बेडेड जर्नलिज्मजस्ता प्रवृत्तिहरूका बारेमा लेखक मौन छन् । समावेशीकरण र मिडियाका आयामहरूलाई जोड्दै यी प्रवृत्तिले समाजमा पार्ने नकारात्मक प्रभावबारे विश्लेषण आउन सकेको छैन ।

तेस्रो अध्यायमा नागरिकको सूचनाको हकसम्बन्धी विषयलाई स्थान दिएको छ । यसमा लेखकद्वय अग्नि खरेल र टङ्कप्रसाद दुलालले नागरिकको जान्न पाउने हकको विविध आयाम र पाटाहरूमा वृहत् बहस चलाएका छन् । मिडिया, नागरिकको जान्न पाउने हक, विधिको शासन एवं शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तलाई राज्यको महत्त्वपूर्ण आधार स्तम्भहरूका रूपमा लेखकद्वयले चित्रण गरेका छन् । विभिन्न प्रसङ्ग एवं दृष्टान्तहरूलाई अगाडि सार्दै आफ्ना तर्कहरू पुष्टि गर्ने प्रयास उनीहरूले गरेका छन् ।

अधिकारसम्बन्धी सामाजिक सम्झौताको सिद्धान्तमाथि चर्चा गर्ने क्रममा लेखकद्वयले नेपालको सन्दर्भमा नागरिकको जान्न पाउने अधिकारबारे संवैधानिक प्रावधानहरूको समीक्षात्मक टिप्पणी गरेका छन् । यस सिलसिलामा रेडियो ऐन, २०१४; नेपालको अन्तरिम संविधान, २०६३; सूचनाको हकसम्बन्धी ऐन, २०६४;

छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८; राष्ट्रिय प्रसारण ऐन, २०४९; श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१; प्रेस काउन्सिल ऐन, २०४८ र दूरसञ्चार ऐन, २०५३ ले नागरिकको सुसूचित हुन पाउने हकबारे प्रत्यक्ष वा परोक्ष रूपमा बोलेका प्रावधानहरूका बारेमा सङ्क्षिप्त रूपमा समीक्षा गरिएको छ ।

लेखकद्वयले सार्वजनिक सूचनामा नागरिकको पहुँचलाई यसरी परिभाषित गरेका छन् :

> सूचनामा पहुँच नभएमा ... जान्न पाउने अधिकारको सुनिश्चितता हुन सक्दैन । सार्वजनिक निकायबाट वा भएको सार्वजनिक काम तत्सम्बन्धी कारबाही कुनै लिखत सामग्री वा जानकारी, लिपिबद्ध भएको जुनसुकै किसिमको लिखत र यसअन्तर्गत कुनै यन्त्रको माध्यमबाट सङ्कलन वा अद्यावधिक गरिएको वा मुद्रित वा पुनः प्रस्तुत गर्न सकिने श्रव्यदृश्य सामग्री समेतमा नागरिकको सहज वा सरल पहुँच भएमा मात्र सूचनामा नागरिकको पहुँच पुगेको मान्न सकिन्छ (पृ. ११३) ।

नागरिकको सूचनाको पहुँचसम्बन्धी विषयको छलफललाई अघि बढाउने क्रममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा भएका व्यवस्थाहरूको विश्लेषण यस अध्यायमा गरिएको छ । यसअन्तर्गत सार्वजनिक निकायमा रहेका सूचनाहरूमा नागरिकको पहुँच, सार्वजनिक निकायको दायित्व, सूचनाको अद्यावधिक र प्रकाशन, सूचना अधिकारीको व्यवस्था, सूचना प्राप्त गर्ने कार्यविधि, सूचनाबापत लाग्ने दस्तुर, राष्ट्रिय सूचना आयोग, सूचनाको संरक्षणसम्बन्धी व्यवस्था एवं सूचना उपलब्ध नगराएमा हुने सजाय र क्षतिपूर्तिसम्बन्धी व्यवस्थाको सिंहावलोकन गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ८ मा व्यवस्था गरिएको सूचनाबापत दिनुपर्ने दस्तुरबारे टिप्पणी गर्दै भनिएको छ, "...कागजपत्र हेर्न घण्टाको रु. ५०।- तोकिएको छ । यो व्यावहारिक छैन र यसले नेपालजस्तो कम प्रतिव्यक्ति आय भएको नागरिकको पहुँचमा नियन्त्रण गर्दछ । त्यसैले हालै तोकिएको दस्तुर घटाउनु पर्ने अवश्यकता छ ।"

यस सन्दर्भमा लेखकद्वयको थप धारणा छ :

> सूचनाको हकसम्बन्धी संवैधानिक हकको सुनिश्चितता गर्न ... कानूनी अधिकार प्रदान गरेको भए पनि नेपाली नागरिकको आर्थिक, सामाजिक अवस्थाका कारणले सबै नागरिकसँग सूचना प्राप्त गर्ने सरल, सहज अवसर प्राप्त छैन । नागरिकको सूचना प्राप्त गर्ने शक्ति सहज र सरल अवसरको सुनिश्चितता व्यावहारिक रूपमा भएमात्र सूचनामा

> पहुँच कायम हुन सक्दछ । हालै तर्जुमा गरिएको सूचनाको हकसम्बन्धी नियमावलीले सूचनाको पहुँचलाई सरल र सहज बनाउन सकेको छैन (पृ. ११३) ।

यस भनाइको तात्पर्य सूचनाको हकबारे कानूनी व्यवस्था गर्दैमा नागरिकको जान्न पाउने हक सुनिश्चित गरिएको मानिँदैन, त्यसका लागि नागरिक आर्थिक एवं सामाजिक रूपमा पनि सक्षम हुनुपर्छ भन्ने हो ।

हालैका दिनहरूमा सञ्चारगृह र सञ्चारकर्मीमाथि भएका आक्रमणको प्रसङ्गलाई पनि लेखमा नागरिकको जान्न पाउने हकसँग गाँसेर चर्चा गरिएको छ । असुरक्षित प्रेस र आमसञ्चारका माध्यमले सही, स्वतन्त्र रूपमा सूचनाको प्रवाह गर्न नसक्ने बताउँदै राज्यले व्यवहारबाटै प्रेसको स्वतन्त्रता र सुरक्षाको प्रत्याभूति गर्नुपर्दछ भनिएको छ ।

२०१० सालदेखि र नेपाल अधिराज्यको संविधान २०४७ लागू हुनुभन्दा अघिसम्मको अवधिमा नागरिकको जान्न पाउने अधिकारसँग सरोकार राख्ने १० ओटा मुद्दाका फैसलाहरू यहाँ समावेश गरिएका छन् । यस क्रममा पेस गरिएका मुद्दाहरूमा वैकुण्ठप्रसाद उपाध्यायविरुद्ध सदर पुलिस गोश्वरा, मणिराज उपाध्यायविरुद्ध काठमाडौँ मजिष्ट्रेट, मणिन्द्रराज श्रेष्ठविरुद्ध बागमती अञ्चलका अञ्चलाधीशको अफिस, डा. के.आई. सिंहविरुद्ध श्री ५ को सरकार आदि छन् ।

यसै गरी नेपाल अधिराज्यको संविधान २०४७ जारी भएपछिका अवस्थामा नागरिकका जान्न पाउने अधिकारसम्बन्धी विषयमा परेका आठओटा मुद्दाहरूलाई पनि दृष्टान्तका रूपमा पेस गरिएको छ । थिरप्रसाद पोखरेलविरुद्ध हरिहर विरही, काशीराज दाहालविरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत, गोपाल सिवाकोटीविरुद्ध अर्थ मन्त्रालयसमेत, नरहरि आचार्यविरुद्ध कानून तथा न्याय मन्त्रालय आदि मुद्दाहरू यसका केही उदाहरण हुन् । यी विभिन्न मुद्दाहरूमार्फत नागरिकको जान्न पाउने हकलाई स्थापित गर्न विगतमा पनि थुप्रै कसरतहरू भएका कुरालाई उजागर गर्ने प्रयास यसमा गरिएको छ ।

नागरिकको सूचनाको हकको गहिरो बहस र विश्लेषण गरिएको भए पनि यसको अर्को पाटो मानिने गोपनीयताको हकबारे भने त्यतिविधि चर्चा गरिएको छैन । यसमा लिखतको गोप्यतासम्बन्धी ऐन, २०३९, सार्वजनिक पदमा रहेका व्यक्तिको गोपनीयता एवं गोपनीयताको अधिकार संरक्षणका लागि भएका न्यायिक निर्णयहरूबारे सामान्य चर्चामात्र गरिएको छ । सूचनाको हकसँग गोपनीयताको हक पनि जोडिएर आउने भएकाले यससम्बन्धी यहाँ गरिएको चर्चा पर्याप्त मान्न सकिँदैन । नागरिकको जान्न पाउने हक र गोपनीयताको हक कतिपय अवस्थामा

नितान्त विरोधाभासपूर्ण मनिन्छ । यी दुई हकहरूको अन्तरसम्बन्ध, विरोधाभासपूर्ण अवस्था जस्ता पक्षहरू बारेमा प्रकाश पार्न सकिएको भए अझ राम्रो हुने थियो ।

पुस्तकको चौथो तथा अन्तिम अध्यायमा डा. मञ्जुला गिरीले नेपाली महिलाहरूले भोग्नुपरेका समस्या, महिला मुक्ति आन्दोलनका सङ्घर्षका कथा, प्राप्त भएका उपलब्धि र सम्भावनाहरूबारे चिरफार गर्ने प्रयास गरेकी छन् । अघिल्ला लेखहरूको तुलनामा यो लेख छोटो हुनुका साथै विषयको उठान र बैठानका हिसाबले प्रस्तुतिमा अलि कमजोर देखिन्छ । लेखमा घरेलु हिंसाबाट महिलालाई बचाउन स्थानीय प्रशासन तथा निकायहरूमा ३३ प्रतिशत महिला आरक्षण व्यवस्था हुनुपर्ने उल्लेख छ । तर ३३ प्रतिशत आरक्षण हुनुपर्ने सुझावको आशय महिलालाई घरेलु हिंसाबाट बचाउनका लागि मात्र हो वा उनीहरूको समग्र विकासका लागि हो भन्ने कुरा प्रस्ट छैन । महिला आन्दोलनलाई हाँक्न मिडियाले खेल्नुपर्ने भूमिका, महिला आन्दोलनले सच्याउनुपर्ने पक्ष आदि विषयलाई यस अध्यायले गहन ढङ्गले उठाउन सकेको भए यस अध्यायको महत्त्व निकै बढ्ने थियो ।

विषयवस्तु गहन हुँदाहुँदै पनि पुस्तकका सबैजसो अध्यायहरूमा भएका भाषिक अशुद्धिले पठनमा कताकता असहज महसुस हुन्छ । ह्रस्व दीर्घसम्बन्धी अशुद्धिहरू प्रशस्तै छन् भने मुद्रा राक्षसका कारण भएका गल्ती पनि उत्तिकै भेटिन्छन् । अल्पविरामको उचित प्रयोगको अभाव पनि धेरै ठाउँमा महसुस गर्न सकिन्छ । अर्कोतर्फ अनावश्यक रूपमा शब्दहरू जोडिएका छन् भने कतै जोडिनुपर्ने शब्दहरू पनि जोडिएका छैनन् । जस्तै : जनाएको छ हुनुपर्नेमा जनाएकोछ (पृ. ४५), पहिचान गरी हुनुपर्नेमा पहिचानगरी (पृ. ६२), ज्ञानबाट नै हुनुपर्नेमा ज्ञानबाटनै (पृ. ८४), स्वीकार गरी हुनुपर्नेमा स्वीकारगरी (पृ. १०५) । त्यस्तै, उच्चस्तरीय हुनुपर्नेमा उच्च स्तरीय (पृ. ८०), जीवनस्तर हुनुपर्नेमा जीवन स्तर भएको छ (पृ. ८८) । यी र यस्ता भाषिक अशुद्धिहरू पुस्तकैभरि भेटिन्छन् ।

समग्रमा यो कृति संविधान र कानूनबारे चासो राख्ने व्यक्ति, मिडियाका अध्येता एवं सर्वसाधारण पाठकका लागि समेत उत्तिकै महत्त्वपूर्ण छ । त्यसमा पनि थुप्रै अनिश्चयहरूबीच संविधान बन्ने प्रक्रिया अघि बढिरहेको वर्तमान परिप्रेक्ष्यमा *संविधान र मिडिया* सान्दर्भिक सन्दर्भ सामग्री बन्ने कुरामा शङ्का छैन ।

**यमबहादुर दुरा**
**मदन भण्डारी मेमोरियल कलेज**